# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड६ )जनकपुरधाम,नेपाल, भदौ १० गते,२०७९साल(अतिरिक्ताङ्क१०

भाग २

## मधेश प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

## मधेश प्रज्ञा प्रतिष्ठान (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७९

प्रस्तावना : मधेश प्रदेशको सबै भाषा, साहित्य, ललित कला, सङ्गीत तथा संस्कृतिको अध्ययन, अनुसन्धान गरी संरक्षण, सम्वर्धन गर्न मधेश प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम "मधेश प्रज्ञा प्रतिष्ठान (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७९" रहेको छ ।

(२) यो प्रदेश राजपत्रमा प्रकाशन भएको मिति बाट लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "प्रतिष्ठान" भन्नाले मधेश प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले प्रतिष्ठानको सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले सञ्चालक समितिको सदस्य सम्झनु पर्छ ।

३. **<u>प्रतिष्ठानको स्थापनाः</u>** (१) मधेश प्रदेशका सबै भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत आदिको अध्ययन अनुसन्धान गरी संरक्षण, सम्वर्धन र विकास गर्न प्रदेश सरकारले मधेश प्रज्ञा प्रतिष्ठानको स्थापना गरेको छ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय जनकपुरमा रहनेछ ।

४. **<u>प्रतिष्ठान स्वशासित संस्था हुनेः</u>**(१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) प्रतिष्ठानको सबै काम, कार्यवाहीको लागि आफ्नो छुट्टै छाप र प्रतिक चिन्ह (लोगो) हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल-अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ । तर प्रतिष्ठानले अचल सम्पत्ती बेचविखन गर्दा प्रदेश सरकारको स्वीकृति लिनुपर्ने छ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार वमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने छ ।

५. **<u>प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः</u>** यस आदेशमा अन्यत्र उल्लेखित काम, कर्तव्य, अधिकारको अतिरिक्त प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ;-

(क) भाषा, साहित्य, कला, संस्कृति सम्बन्धी आवश्यक नीति तर्जुमाको लागि प्रदेश सरकारलाई राय परामर्श प्रदान गर्ने ।

(ख) प्रदेश भित्रका सबै भाषा, साहित्य, ललित कला, नाट्यकला, सङ्गीत, पुरातत्व, संस्कृतीको संरक्षण, सम्बर्धन र विकास गर्ने ।

(ग) भाषा, साहित्य, सङ्गीत, कला र संस्कृतीको अध्ययन, अनुसन्धान गरी उपयोगी ग्रन्थहरु प्रकाशन गर्ने, गराउने ।

(घ) प्रदेश भित्रका भाषाहरुको कृति विदेशी भाषाहरुमा अनुवाद गराउने र विदेशी भाषाहरुको कृति प्रदेश भित्रको भाषामा अनुवाद गरी प्रकाशन गर्ने गराउने।

(ङ) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्वन्धी विषयमा प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, महोत्सव, प्रदर्शनी, प्रतियोगिताहरुको आयोजना गर्ने, गराउने ।

(च) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्वन्धी विषयमा प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, महोत्सव, प्रदर्शनी, प्रतियोगिताहरुमा भाग लिने ।

(छ) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्वन्धी विषयमा प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग प्रचलित कानुन बमोजिम सम्बन्ध कायम गरी पारस्परिक सहयोगको आदान प्रदान गर्ने।

(ज) भाषा, साहित्य, संस्कृति, कला क्षेत्रमा उल्लेखनीय योगदान दिने व्यक्तिहरुलाई सम्मान, पुरस्कारको व्यवस्था गर्ने र नव प्रतिभाहरुको खोजी गरी जगेर्ना गर्ने, प्रोत्साहित गर्ने र विकास गर्ने ।

(झ) प्रदेशका सबै जात जातिका भाषा, लिपि, लोक साहित्य, लोक नृत्य, लोक सङ्गीत, मौलिक संस्कृति र पहिचानको खोजी गर्ने, संग्रह गर्ने, अनुसन्धान गर्ने, अभिलेखीकरण गर्ने, श्रव्यदृष्य सामग्री तयार गर्ने, संरक्षण र सम्वर्धन गर्ने ।

(ञ) प्रदेशका लोपोन्मुख भाषाहरुको शब्दकोष तथा व्याकरण तयार गर्ने ।

(ट) प्रदेश भित्रका साहित्यकार, कलाकार, सङ्गीतकारहरुको वृत्ति विकासमा सहयोग पुर्याउने कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ठ) प्रदेशका सबै भाषा, साहित्य, संस्कृति, कला र पुरातत्वको विषयमा अध्ययन, अनुसन्धानको लागि विद्धतवृतिको व्यवस्था गर्ने ।

(ड) प्रदेशभित्रका भाषा, साहित्य, कला, संस्कृतिको मौलिकता र विशिष्टतालाइ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्ने ।

(ढ) यो आदेशको उदेश्य पूरा गर्न अन्य आवश्यक कार्य गर्ने गराउने ।

६. **<u>सञ्चालक समितिः</u>** (१) प्रतिष्ठान सञ्चालनको लागि देहाय बमोजिमको पदाधिकारीहरु भएको सञ्चालक समिति रहनेछः-

(क) भाषा, साहित्य, कला एवं संस्कृति क्षेत्रमा कृतिहरु सृजना गरेका कम्तीमा २० वर्ष देखि अनवरत क्रियाशिल रहेका ख्याति प्राप्त व्यक्ति मध्येबाट सामाजिक विकास मन्त्रीको सिफारिसमा मुख्यमन्त्रीबाट मनोनित- अध्यक्ष

(ख) भाषा, साहित्य, कला, संस्कृति क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरु मध्ये सामाजिक विकास मन्त्रीको सिफारिसमा मुख्यमन्त्रीबाट मनोनित कम्तिमा एक जना महिला सहित ४ जना- सदस्य

(ग) प्रतिष्ठानको कार्यकारी प्रमुख - सचिव

७. **<u>सञ्चालक समितिको बैठकः</u>** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

तर पहिलो पटक गणपुरक संख्या नपुगी बैठक बस्न नसकेमा दोश्रो पटक कुल सदस्य संख्याको एक तिहाई संख्या उपस्थित भएमा पनि बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्नेले निर्णायक मत समेत दिनेछ ।

(६) समितिले आवश्यकता अनुसार बढीमा ३ जनासम्म भाषा, साहित्य, संस्कृति, कला क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरुलाई विज्ञको रुपमा आमन्त्रित गर्न सक्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

८. **<u>अध्यक्ष तथा सदस्य सम्बन्धी व्यवस्था</u>**ः (१) अध्यक्ष तथा सदस्यहरु प्रतिष्ठानमा पूर्णकालीन समय कामकाज गर्ने पदाधिकारी हुनेछन् ।

(२) अध्यक्ष तथा सदस्यको पदावधि ५ वर्षको हुनेछ ।

(३) अध्यक्षको सेवा सुविधा प्रदेश प्रमुख सचिव सरह हुनेछ।

(४) सदस्यको सुविधा प्रदेश सचिव सरह हुनेछ ।

९. **<u>अध्यक्षको काम, कर्तव्य र आधिकार</u>**ःअध्यक्षको काम, कर्तव्य र आधिकार देहाय बमोजिम हुनेछ;-

(क) प्रतिष्ठानको दैनिक प्रशासन संचालन गर्ने ,

(ख) प्रतिष्ठानवाट स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने, गराउने

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(घ) प्रगति विवरण प्रत्येक बैठकमा प्रस्तुत गर्ने,

(ङ) वार्षिक प्रगति विवरण प्रदेश सरकार समक्ष पेश गर्ने,

(च) प्रतिष्ठानको निर्णय एवम् निर्देशनहरु कार्यन्वयन गर्ने गराउने,

(छ) प्रतिष्ठानको कामकारवाहीको सम्बन्धमा विभिन्न निकाय संग समन्वय गर्ने,

(ज) प्रतिष्ठानको काम कर्तव्य र अधिकारको कार्यान्वयन गर्ने गराउने ।

१०. **कर्मचारी सम्बन्धी व्यवस्थाः**(१) प्रदेश सरकारले आवश्यकता अनुसार प्रदेश निजामती सेवाका कर्मचारीहरुलाई प्रतिष्ठानमा कामकाज गर्न खटाउन सक्नेछ ।

(२) खटिएका कर्मचारीहरु मध्ये वरिष्ठ कर्मचारीलाइ समितिले प्रशासन प्रमुखको जिम्मेवारी तोक्ने छ ।

११. **प्रतिष्ठानको कोषः** (१) प्रतिष्ठानको नाममा एउटा छुटै कोष रहनेछ।

(२) प्रतिष्ठानको नामवाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषवाट व्यहोरिने छ।

(३) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ;-

(क) संघीय वा प्रदेश सरकारवाट प्राप्त अनुदान रकम,

(ख) विदेशी संघ संस्था, व्यक्ति वा अन्तरराष्ट्रिय संघ संस्था वा कुनै व्यक्तिवाट प्रचलित कानुन अनुसार प्राप्त रकम,

(ग) परामर्श सेवा एवम् अनुसन्धान कार्य गरे वापत प्राप्त रकम,

(घ) अन्य श्रोतवाट प्राप्त रकम ।

(४) उपदफा (३) को खण्ड (ख) बमोजिम विदेशी सरकार, संघ संस्था, वा व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्था वा कुनै व्यक्तिवाट रकम प्राप्त गर्नु अघि प्रतिष्ठानले प्रचलित कानुन अनुसार पूर्व स्विकृती लिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको कोषमा प्राप्त हुने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयको विविध खातामा जम्मा गरिनेछ ।

(६) प्रतिष्ठानको कोषको संचालन प्रसाशन शाखा प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतवाट हुनेछ ।

**१२. <u>लेखा तथा लेखा परीक्षणः</u>** (१) प्रतिष्ठानले संघीय सरकार वा प्रदेश सरकारले अपनाएको लेखाप्रणाली अवलम्बन गर्नेछ ।

(२) प्रतिष्ठानमा तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) प्रतिष्ठानको अन्तिम लेखा परीक्षण, महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकवाट हुनेछ ।

(४) प्रदेश सरकारले चाहेमा जुनसुकै बखत प्रतिष्ठानको हिसाव किताब जाँच्न वा जाँच गराउन सक्ने छ।

(५) आय-व्ययको विवरण चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

**१३. <u>कोषको रकम खर्च गर्ने</u>ः** (१) प्रतिष्ठानले संघीय सरकार वा प्रदेश सरकारवाट जुन कामको लागि रकम प्राप्त गरेको हो, सोही काममा मात्र खर्च गर्नुपर्ने छ ।

(२) उपदफा (१) बाहेकको कोषको रकम कार्यालय संचालनमा खर्च गर्न सकिने छैन ।

**१४. <u>विशेष समिति गठन गर्न सक्ने</u>ः** (१) प्रतिष्ठानले आफ्नो काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार विभिन्न समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम गठित समितिको काम, कर्तव्य, अधिकार, कार्यविधि वा सुविधा प्रतिष्ठानले गठन गर्दाका बखत तोकिदिए बमोजिम हुनेछ ।

**१५. <u>बैठक भत्ता</u>ः** प्रतिष्ठानका सदस्यहरुले प्रचलित कानुन बमोजिमको बैठक भत्ता पाउने छन् ।

**१६.<u>आधिकार प्रत्यायोजन</u>ः** (१) आफुलाई प्राप्त आधिकार मध्ये आवश्यकता अनुसार केहि अधिकार कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्रशासन प्रमुखले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केहि अधिकार कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. <u>वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने</u>ः** (१) प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारवाहीको विवरण उल्लेख गरी आर्थिक वर्ष समाप्त

भएको मितिले तीन महिना भित्रै वार्षिक प्रतिवेदन तयार गरी प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१८. **<u>प्रदेश सरकारसँग सम्पर्कः</u>** प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१९. **<u>निर्देशन दिन सक्ने</u>**ः प्रदेश सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

२०. **<u>नियम बनाउने अधिकारः</u>**(१) यस आदेशको कार्यान्वयनको लागि प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा(१) बमोजिम बनाईएको नियम प्रदेश सरकारवाट स्वीकृत भए पछि लागु हुनेछ ।

स्वीकृत मितिः२०७९।०५।१०

आज्ञाले,
डा. मुक्ति नारायण साह
निमित्त प्रदेश सचिव